परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष १३ ❑ अंक ६ २०८१ भाद्र ९ आईतवार Sunday 25, AUG 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर

सूचना

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## दुहबी बजारमा खुलेआम भारतबाट तस्करीको सामान भित्रिदै, प्रशासन मौन

चन्दन रौनियार

दुहबी । सुनसरीको दुहबी नगरपालिकाको दुहबी बजारमा भारतबाट चोरी निकासी भई आएको तस्करीका खाद्यान्न, लत्ताकपडा लगायतका सामानहरू खुलेआम भित्री रहेको छ ।

भारतीय नाकाबाट दर्जनौं मोटरसाइकल र साइकलमा सिधै अबैध राजस्व छलि गरेर चिनि, खैनी, रजनीगंधा, कपडा लगायत समान दुहबी भित्रिने गरको भएपनि दुहबीका प्रहरी प्रशासन मुखदर्शक बनेको छ ।



दुहबी बजारमा रहेको व्यापारीहरू तस्करीबाट आएका सामानहररू खरीद गरि खुलेआम बजारमन विक्री वितरण गरी रहेको एक व्यपारीले वताए ।

भारतबाट तस्करीका समानहरू विराटनगरको रानी सिमा नाकाबाट शसस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीको मिलोमतोमा दुहबी बजारमा मात्र नभई कोशी प्रदेश भित्रको विभिन्न बजारहरूमा पुग्ने गरेको छ ।

रानी नाकामा शसस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीबाट खटिएका सुरक्षा कर्मीले साना व्यपारी र घरायसी सामान ल्याउने हरूको सामान जफत गर्ने, केही सामानहरू झिकेर राख्ने तर ठूला तस्करहरूले लाईन मिलाएर भारतीय सामान नेपाल भित्रियाउने गरेको स्रोतको दावी छ ।

रानी नाका सम्बन्धमा ईलाका प्रहरी कार्यालय रानीका प्रहरी निरिक्षक प्रकाश थापाले भने खुल्ला सिमानाका करण तस्करी र लागुऔषध नियन्त्रण मुख्य चुनौतीको रूपमा रहेको छ । म आएपछि करीब ३० लाखको तस्करीका सामान भन्सारमा बुझाएका छौ भने लागुऔषध तर्फ १०८ जनालाई पक्राउ गरि केहीलाई मुद्दा समेत चलाएको वताउदै भने प्रहरी सबैलाई चाहिने तर प्रहरीलाई नै विना प्रमाण आरोप लगाउने भएकोले मिलामतोमा तस्करी भईरहेको कुरामा कुनै सत्यता नभएको वताए । खुल्ला सिमाना भएका कारण लुकीछिपी तस्करी हुन्छ होला तर प्रहरीसंग तस्करको कुनै सम्बन्ध नहुने प्रहरी निरिक्षक थापालेदावी गरे ।

## जन्माष्टमीको अवसरमा महाप्रसाद वितरण

विराटनगर । इस्कोन विराटनगरले श्रीकृष्ण जन्माष्टमी महोत्सवको अवसरमा करीब पाँच हजार जनालाई महाप्रसाद (खाना) वितरण गर्ने भएको छ ।

इस्कोन विराटनगरले पत्रकार सम्मेलन गरि नेपाल अन्तर्राष्ट्रिय कृष्णभावनामृत संघ (इस्कोन) को लागि मायापुरबाट इस्कोनको अन्तर्राष्ट्रिय ब्यबस्थापन समितिका (जी. बि. सि.) रिजनल सेक्रेटरी एवम् अन्तर्राष्ट्रिय गुरु श्री श्रीमद् महाविष्णु महाराजको उपस्थिति श्रीकृष्ण जन्माष्टमी मनाउने र पाँचहजार जनालाई महाप्रसाद (खाना) खुवाउने इस्कोनका सचिव भानुभक्त जोशीले जानकारी गराए ।

भाद्र १० गते कृष्ण पक्ष अष्टमी तिथि सोमबारका दिन जैन भवन विराटनगरमा बिहान ८ बजेदेखि राति १२ बजेसम्म- विराटनगरको जलजला चोक, रङ्गेली रोड- ( नबिल बैंकको माथि) रहेको इस्कोन विराटनगरले भब्यता का साथ मनाउने भएको हो ।

संसारभरि हरिनाम संकिर्तन र वैदिक ग्रन्थहरूको वितरण एवं वैदिक सनातन धर्मको प्रचार गर्ने स्वामीज्यूको जन्म बेलायतमा भएको हो । इस्कोनका संस्थापक आचार्य श्री प्रभुपादजीको शिष्य परमपुज्य महाविष्णु स्वामी महाराज यसपाली श्रीकृष्ण जन्माष्टमीमा पहिलोपटक विराटनगर आउँदैछ जोशीले वताए ।

हजारौं भक्तजनहरूको सहभागिता हुने उक्त जन्माष्टमीको कार्यक्रममा भक्तिवेदान्त गुरुकुलका

वांकी अन्तिम पेजमा...




## प्रजनन् स्वास्थ्य सम्बन्धि पत्रकारलाई अभिमुखिकरण

विराटनगर । महिला पुनर्स्थापना केन्द्र (ओरेकले) ले यौन तथा प्रजनन स्वास्थ्य अधिकारका सवाल र संचारकमीहरुको भूमिका सम्बन्धमा अन्तक्रिया गरेका छन् ।

समाजमा वाझोपनाको अवस्था, बाझोपन भएको श्रीमान श्रीमती करी अभिभावक वन्न सकिन्छ, बाँझापन, निसन्तानपना महिलाहरुमा मात्र हुन्छ कि पुरुषमा पनि हन्छ ?, निसन्तानपना के कारणले हुन्छ जस्ता विषयमा गहन छलफल भएको थियो ।

समान्यता निसन्तानपना भन्नाले मलाको गर्भधारण गर्न नसक्नु र वच्चालाई जन्म दिन नसक्नु हो । बच्चा जन्माउने प्रक्रियामा महिला संग प्रत्यक्ष रुपमा सम्वन्ति भएकोले हाम्रो समाज निसन्तान भन्न वितिकै महिलाको समस्यालाई बुझने गर्दछन् । तर वास्तविकमा निसन्तानपना पुरुष वा महिला दुवैमा हुन सक्छ । निसन्तान हुनुमा महिला र पुरुष दुवै करणले हुन्छ । कुनै जोडीमा निसन्तान हुनुमा महिला कारण हुन्छ भनै कुनैमा पुरुष कारण हुन सक्छ ।

ओरेक नेपालकी कार्यक्रम संयोजक सरस्वती दनुवारले निसन्तानपनको कारण सरोगेसी (कोख भाडामा लिएर सन्तान जन्माउने) कार्यहरु कानुन विपरीत भईरहको छ । सेरोगेसी सम्बन्धमा नेपालमा स्पष्ट कानुन नभएकोले कतिपय महिला हरु ठगीमा परेको वताइन । राज्यले कानुन नबनाउँदा समस्या भई रहको छ ।

निसन्तानपनको कारण महिला घरेलु हिंसा पनि हुने गरेको ओरेक नेपालकी अनुसन्धान संयोजक सुमित्रा पौडेलले बताइन् । निसन्तान पनको विषयमा राज्यले चासो राख्नु पर्ने भएपनि अहिलेसम्म कुनै अध्ययन नभएको उनले बताइन् ।

विश्व स्वास्थ्य सङ्गठनको २०१२ को प्रतिवेदनको अनुसार, विश्वमा करिब १०-

वांकी अन्तिम पेजमा...



मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाकं निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

### जन्माष्टमीको...

ब्रह्मचारीद्वारा यज्ञ, परमपुज्य महाविष्णु महाराजद्वारा प्रवचन, भगवान श्री राधाकृष्णको अभिषेक, दर्शन, इस्कोनको अन्तर्राष्ट्रिय टिम द्वारा सांस्कृतिक कार्यक्रम र सबै आगन्तुक भक्तजन हरुलाई बिहान ११ बजेदेखि प्रसाद वितरण गर्ने भएको छ।

इस्कोन विराटनगरले सम्पूणर् श्रद्धालु भक्तजनहरु लाई जैन भवनमा हुने उक्त धार्मिक, सामाजिक एवम् आध्यात्मिक कार्यक्रममा सहभागी हुन इस्कोन विराटनगर परिवारले हार्दिक आह्वान गरेका छन।

### प्रजनन्...

१५ प्रतिशत विवाहित दम्पतीहरू सन्तानबिहीन रहेको देखिएको थियो। निसन्तानपनको उपचारका लागि नेपालमा सरकारले पनि चासो दिनुपर्ने । अहिले सरकारी अस्पतालले निसन्तानपनको उपचारको सुविधा छैन। सरकारी सेवा नहुँदा सेवाग्राही निजी अस्पतालमा महँगो शुल्क तिर्न बाध्य रहेको उनले बताइन्।

नेपालमा सन् २०१६ को डिसेम्बर १२ मा सर्वोच्च अदालतले विवाहित नेपाली जोडीका लागि सरोगेसी सम्बन्धि वैधानिकता दिन सरकारका नाममा आदेश जारी गरेको थियो। राज्यले सरोगेसी सम्बन्धी कानुन नबनाउँदा कोख भाडामा दिनेहरू विभिन्न समस्यामा पर्ने गरेको अध्ययनका क्रममा देखिएको ओरेक नेपाल विराटनगरकी कार्यक्रम संयोजक दनुवारले जानकारी दिइन्।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।


**अन्तरिक राजश्व कार्यालय विराटनगर**

# गुमनाम एक इतिहास बिसे नगर्ची बजारमा

दीपेन्द्रराज तिम्सिना

पृथ्वीनारायण शाह र उनका वुवा नरभूपाल शाहको सल्लाहकार बिसे नगर्चीको विषयमा गहिरो खोज, अनुसन्धान गरि 'गुमनाम एक इतिहास बिसे नगर्ची ' नामक पुस्तक प्रकाशन भएको छ। मोरङ पथरी शनिश्चरे -१ निवासी खोजकर्ता लेखक दीपेन्द्रराज तिम्सिनाले यो पुस्तक लेखेका हुन्।

बिसेको जन्म स्थल गोरखा पुगेर उनलाई र उनको सन्तान, छोरालाई दिएको सनदपत्र, लालमोहर , बिसेका सन्तान सहित भेटेर गहिरो अध्ययन सहित यो पुस्तक लेखेको लेखक तिम्सिनाले बताए। नेपालका पुराना इतिहाँसकार सँगको सोधखोज गरि किताब लेखिएको छ। विभिन्न समयमा इतिहासकारहरुले लेखेका ऐतिहासिक दस्तावेजमा पनि बिसेले नुवाकोट २ पटक आक्रमण गर्दा हार खाएर चिन्तित बनेका पृथ्वीनारायण शाहलाई सहि समयमा सहि सल्लाह दिएर युद्ध जितेको इतिहास पाईन्छ।




एउटा सही सल्लाहकार भयो भने राज्य बनाउन र युद्ध नै जित्न परे पनि सजिलै सकिन्छ। यही उदाहरण नेपालको इतिहासमा पाईन्छ। यस्तो उदाहरणीय व्यक्ति हुनुहुन्थ्यो बिसे नगर्ची। अहिले लोकतन्त्रका शासकका नातेदार, बग्रेल्ती सल्लाहकार राखेका छन्। राखिएका सल्लाहकार विज्ञताको आधारमा नभई आफन्तको आधारमा। स्वकीय सचिव,सल्लाहकारहरूले न सल्लाह दिन्छन् न सल्लाह लिन्छन् अनेक दबाब र प्रभावमा निर्णय गराउने प्रवृत्ति डरलाग्दो गरी बढेको छ। सामान्य अवस्थामा रहेका बिसे नगर्चीले दिएको सल्लाह नै पृथ्वीनारायण शाहलाई युद्ध जित्ने अष्त्र भै बनेको थियो। नुवाकोट आक्रमणमा हार व्यहोरेका पृथ्वीनारायण शाह हतियार किन्न चाहन्थे। तर त्यसबेला राज्य कोषमा पैसा थिएन। युद्ध जित्न योद्दा कुशल भएर मात्र हुदैन हतियार पनि गुणात्मक चाहिन्छ। एकाविहानै देखि उठेर दरबारमा चिन्तित बनेर टोलाई रहेका पृथ्वीनारायण आमालाई कौशल्यावतीले देखेर एकदिन बिहान सोधिछन् छोरा तिमीलाई के भयो भनेर। त्यसबेला राजा पृथ्वीनारायणले नुवाकोट हार बेहोरेको र थप आक्रमण गर्न हतियार नभएको कुरा आमालाई सुनाएछन्। यो कुरा सुनेर आमाले दरबारमा नगरा बजाउने बिसे नगर्चीलाई भेटेर सल्लाह लिन भनिछन्। सोहि अनुसार भोलिपल्ट बिहानै राजा बिसेको घर गएछन्।

**कस्तो थियो सामरिक महत्त्वको सल्लाह**

राजा एक्कासि घरमा आएको देखेर बिसेले महाराज के कामले मेरो घरमा पालिबक्स्यो भन्दै सोधेछन्। राजाले तिमिलाई थाहा छदैछ नुवाकोट हार व्यहोर्नुपरेको अब लडाइँ लड्नुछ। हात हतियार चाहिएको छ। राज्य कोषमा पैसा छैन कसरी हतियार किन्ने भनेर तिमिसँग सल्लाह लिन आएको तिमी त हाम्रो बुवाको पालादेखि सल्लाह दिदै आएको सुनेकोछु उचित सल्लाह देउ भनेछन्।

म जस्तोले के सल्लाह दिन सक्छु र भनेछन्। सल्लाह भनेको मान्छे सानो ठूलो पढेको नपढेको भन्ने हुदैन राजाले भनेछन्।

बिसेले कति दाम चाहिएको महाराज भनेर राजालाई सोधेछन्। १२ हजार दाम भए त पुग्दो हो राजाले भने। गोरखा राज्यमा कति छन् महाराज बिसेले राजालाई सोधेछन्।

पुग नपुग १२ हजार घर होलान भनेछन् राजाले भनेछन्।

यो कुरा राजाको सुनेर बिसे घरको कोठामा पसेछन्।

कोठाभित्र पसेर बिसेले एक पैसा, पाँच पैसा, गरेर जम्मा गरेर एक मोहर बनाई राजाको हातमा चढाई सोहि अनुसार प्रत्येक घरधुरी बाट १/१ रुपैया उठाउन सल्लाह दिएकोले सोहि अनुसार पैसा उठाई काँसि गएर हतियार किनेर ल्याई नेपाल एकीकरण सफल भएको जनश्रूति रहेको साथै इतिहासकारहरुले विभिन्न दस्तावेजमा लेखेका छन्।

राज्य एकिकरणमा उचित सल्लाह दिने नगर्चीलाई राज्यले कस्तो सम्मान दियो, उहाँको परिवार कहाँ कसरी बसिरहेका छन् यो खोज अनुसन्धानको बिषय हो। महाकवि लक्ष्मीप्रसाद देवकोटा ले भने झै मानिस ठूलो दिलले हुन्छ जातले हुदैन। सल्लाह दिने मान्छे ठूलो, उपल्लो जातको सम्पन्न हुनुपर्छ भन्ने हुदैन। बिसे नगर्ची दरवारमा नगरा बजाउने, कटुवाल फलाक्ने, दरवारको बालिघरे हुनुहुन्थ्यो। तर यस्तो सामरिक सल्लाह दिने बिसे लाई अहिलेसम्म राज्यले सम्मान गरेको छैन।

**विभिन्न युद्धमा बिसेको सहभागीता**

पृथ्वीनारायण शाहको पालामा भएको विभिन्न युद्धमा बिसेको सहभागीता रहेको विभिन्न इतिहासकार तथा खोज कर्ताले खोजेको दस्तावेजबाट थाहा हुन्छ। नुवाकोट युद्धमा उहाँ सहभागी हुनुभयो। तेस्रो पटकको नुवाकोट हमलामा सिपाही भयर युद्धमा सामिल हुनुभएको थियो। पछि नुवाकोट विजय भई सकेपछि यी बुढा महाराज संगै अन्तरिम राजधानी नुवाकोट मै रहने गर्दथे, नुवाकोटको युद्धमा तिरधारे मोर्चाबाट पृथ्वीनारायण सँगै सहभागी भएको कुरा गोरखामा बिसेको सालिक सँगै राखिएको सिलालेखमा उल्लेख छ। त्यसबेला उहाँ तीनधारे मोर्चाबाट नालदम, अजिरकोट र सिरानचोकको लडाइँमा सहभागी भएको सोहि सिलामा उल्लेख छ। त्यसैगरी बिसे स्याङ्जाको लडाइँमा पनि सहभागी भएको थिए।

स्याङ्जाको वहाबकोटमा बिसे नगर्चि चोक नै रहेको छ। यो चोकको नाम रहनुमा बिसेको लडाइमा सहभागीता रहेको थाहा हुने परियार सेवा समाजले उल्लेख गरेको सिलामा लेखिएको छ।

परियार समाज, केन्द्रीय समिति तथा सम्पूर्ण परिवार बन्धुहरूले बिसेको शालिकमा राखिएको शिलालेखमा बिसेको जन्म विसं १७४६ र मृत्यु विसं १८२८ मा उल्लेख छ। यसअनुसार उनी ८२ वर्ष बाँचेका देखिन्छ। बिसे नगर्चीले गोरखाली पक्षधर भएर विभिन्न युद्धमोर्चामा भाग लिएका ऐतिहासिक प्रमाणहरू प्राप्त छन्। उनी पृथ्वीनारायण शाहसँग उनकै मोर्चामा रहेर नुवाकोटको युद्धमा सहभागी भएका थिए। नुवाकोट विजय भएपछि उनले नगरा बजाएका थिए। यसैगरी गोरखाको सिरानचोकको युद्धमा पनि उनी सहभागी थिए, जहाँ गोरखालीले लमजुङेहरूलाई हराएका थिए। नुवाकोटको युद्धमा बिसे नगर्ची पृथ्वीनारायण शाहको राज्यविस्तार अभियानअन्तर्गत नुवाकोटमा भएको युद्धमा बिसे नगर्ची सहभागी थिए।

बिसेलाई विम्वमा प्रयोग गरि २०६२/२०६३ जनआन्दोलनमा कवि श्रवण मुकारुङले ' बिसे नगर्चीको बयान' शिर्षकको कविता ले निकै चर्चा पाएको थियो।

पुस्तकको प्रकाशक लिला निरौला तिम्सिना रहनु भएको छ भने दमक श्रष्टा छापाखानाले छापेको यो पुस्तक १ सय ५६ पेजको रहेको छ। विभिन्न नेपालका इतिहासकारहरुसँग सोधखोज गरी ४९ वटा शिर्षकमा लेखिएको तिम्सिनाले लेखेको यो १२ औ खोजमूलक कृति हो। यश अघि तिम्सिनाले टेलिफोन डायरी २०६८ मोरङको सामुदायिक वन एक चिनारी २०६९ मोरङको क्षेत्र नं २ एक चिनारी २०७० पथरी शनिश्चरे नगरपालिका एक चिनारी २०७७ जेसीज दस्तावेज विगतदेखि वर्तमानसम्म प्रथम संस्करण २०७७ जेसीज दस्तावेज विगतदेखि वर्तमानसम्म दोस्रो संस्करण २०७८ धिमाल जातिको इतिहास विगतदेखि वर्तमानसम्म २०७८ इतिहासमा पथरी शनिश्चरे २०७८ मोरङका जनप्रतिनिधि संङगालो २०७९ माइखोलादेखि पुनर्वाससम्म २०८० र तिमिल्सिना इतिहास विगतदेखि वर्तमानसम्म २०८० लगायतका दर्जन पुस्तकहरु लेखिसक्नु भएको छ। लेखक, संकलक र प्रकाशक दीपेन्द्रराज तिम्सिना हुनुहन्छ।

**डेंगीका लक्षणहरु**

- उच्च ज्वरो आउनु,
- जोर्नी र मांसपेशीहरुमा असह्य पिडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु,
- शरिरमा राता बिमिराहरु आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरु देखा परेमा डेंगी हुनसक्छ। तत्काल चिकित्स वा स्वास्थ्य कर्मीको सल्लाह लिऔं ।

**नेपाल सरकार, विज्ञापन बोर्ड**

**विराटनगर महानगरपालिकाको सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

### एशियाको दोस्रो ठूलो रथयात्रा

श्रीकृष्ण जन्माष्टमीको अवसरमा भगवान श्रीकृष्णको भाद्र १० गते विधी विधान अनुसार पूजापाठ हुने गर्दछ। यसैगरी जन्माष्टमीको भोली पल्ट अर्थात भाद्र ११ गते मंगलवार कोशी प्रदेशको राजधानी विराटनगर महानगर पालिका वडा नं. १, २, ३ को संगम स्थल तीनपैनीमा रहेको राधाकृष्ण मन्दिरबाट विराटनगर बजार परिक्रम गर्नका लागि निकालिने रथयात्रा एशियाकै दोस्रो ठूलो रथ यात्रा हो। एशियाकै सबभन्दा ठूलो रथयात्रा जगरनाथ पुरीमा हुने गर्दछ। विराटनगरको रथयात्रा राधाकृष्ण मन्दिर स्थापनासँगै १९८८ सालदेखि यूगल जोडी भगवान श्रीराधाकृष्ण आरुढ 'खट' यात्रामा प्रारम्भ भएको ऐतिहासिक जाता विक्रम सम्वत २०२५ मा विशाल रथ निर्माण गरी निरन्तर रथ यात्रा महोत्सव सञ्चालन हुँदै आएको ९३ औ महोत्सवका दिन लाखौ भक्तजनहरुले प्रत्यष लाभ उठाउने छ।

श्रीराधाकृष्ण रथयात्रा यस पटक बजारको ४३ स्थानमा विश्राम गर्दै ९ किलोमिटर यात्रा पुरा गर्नछ। रथयात्रालाई भव्य र सभ्य वनाउन विभिन्न समितिहरु गठन गरिएको छ। रथ चाहि पेगोडा शैलीमा निर्माण भएको रथको लम्बाई २२ फीट, चौडाई १४ फीट, उचाई १८ फिट, रहेको छ। सो रथलाई डोरीले तान्ने छ। डोरी दायावाट पुरुषहरु र वाँयावाट महिलाहरुले रथलाई तान्ने परम्परा चल्दैआएको छ।

रथयात्राका दिन नेपाल र भारतमाट आउने श्रद्धालु लगायत ५ लाख भक्तजनहरु प्रत्यक्ष सहभागी हुने छन् भनै करोडौले सोसल मिडियावाट रथ यात्राका अवलोकन गर्ने छ। रथयात्राको समयमा भिडभाड हुने भएको बहुमुल्य वस्ते लगाएर रथयात्रामा सहभागी हुँनु हुँदैन। रथयात्रालाई सभ्य र भव्य वनाउन प्रदेशवासीले तन मन धनले सहयोग गर्नु पर्दछ।

# नेपालका सार्वजनिक संस्थान सेतो हात्ती कि दुहुनो गाई ?

सन् १९३० को विश्व आर्थिक मन्दी पछि विश्वभर बजार अर्थतन्त्रको परिपक्वता नभएको र निजी क्षेत्र सक्षम नभएको निष्कर्ष सहित लोककल्याणकारी राज्यको अवधारणाले व्यापकता पायो। फलस्वरूप सन् १९३० पछि नै विश्वभर सार्वजनिक संस्थान स्थापनाको लहर चल्यो। त्यसैको प्रभाव स्वरूप सन् १९३६ (१९९३ साल) मा विराटनगरमा पहिलो पटक सार्वजनिक संस्थानको रूपमा विराटनगर जुट मिल स्थापना भयो। त्यसलगत्तै १९९४ सालमा नेपाल बैंक लिमिटेडको स्थापना भयो।

खासगरी जनताको दैनिक जीवनयापनका वस्तु तथा सेवाको व्यवस्थापन, पूर्वाधार विकासमा सरकारको नै भूमिका सशक्त हुनुपर्ने आवश्यकताले सार्वजनिक संस्थानहरूको विकास भयो। नागरिकको दैनिक जीवनयापनसँग सम्बन्धित अत्यावश्यकीय वस्तु तथा सेवाको सर्वसुलभ एवं सुपथ मूल्यमा उपलब्ध गराउने, बृहत्तर रोजगारी सिर्जना गर्ने, अर्थतन्त्रलाई स्वाधीन बनाउने, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने सहितका विभिन्न उद्देश्य हासिल गर्नका लागि नेपालमा सार्वजनिक संस्थान हरूको स्थापना गरियो।

२०४७ सालसम्म आउँदा नेपालमा ६२ वटा सार्वजनिक संस्थान स्थापना भइसकेका थिए। तर २०४८ सालपछिको सरकारको नयाँ आर्थिक नीतिले सार्वजनिक संस्थानहरूलाई घटाउँदै लग्यो। खासगरी २०४६ सालको जनआन्दोलनपछि नेपालमा बहुदलीय प्रजातन्त्र स्थापना भएसँगै बनेको सरकारले २०४८ सालबाट निजीकरण तथा उदारीकरणको नीति अंगीकार गऱ्यो।

त्यसरी स्थापना भएकामध्ये नेपालमा हाल ४४ वटा संस्थान कानुनी रूपमा अस्तित्वमा छन्। ४२ वटा संस्थान भने सञ्चालन मै छन्। ५० प्रतिशत भन्दा बढी पूँजी सरकारको स्वामित्वमा रहेका निकाय लाई नेपालमा सार्वजनिक संस्थानको रूपमा परिभाषित गरिएको छ। यद्यपि हाल अस्तित्वमा रहेका केही संस्थान पूर्ण रूपमा सरकारी स्वामित्वमा रहेका छन् भने केही सरकारको आंशिक स्वामित्वमा छन्।

४४ वटा संस्थानमध्ये २१ वटा नेपाल सरकारको पूर्ण र २३ वटा आंशिक स्वामित्वमा सञ्चालित छन्। सार्वजनिक संस्थान हरूको कुल चुक्ता पूँजीमध्ये ३ खर्ब ७२ अर्ब ५५ करोड ४१ लाखमध्ये नेपाल सरकारको पूँजी लगानी ९२.०६ प्रतिशत र निजी क्षेत्रको ७.९८ प्रतिशत शेयर स्वामित्व रहेको छ।

हाल नेपालमा औद्योगिक क्षेत्रमा १०, व्यापारिक क्षेत्रमा ४, सेवा क्षेत्रमा ११, सामाजिक क्षेत्रमा ५, जनोपयोगी क्षेत्रमा ५, वित्तीय क्षेत्रमा ९ गरी जम्मा ४४ वटा संस्थान अस्तित्वमा देखिन्छन्।

यसरी नेपालमा सार्वजनिक संस्थानहरूको इतिहास न उति नयाँ हो, न धेरै पुरानो नै। विश्व आर्थिक मन्दीपछि संसारभर चलेको सार्वजनिक संस्थान स्थापना को लहर पछ्याउँदै नेपालमा पनि केही सार्वजनिक संस्थान स्थापना गरिए। त्यसैगरी सन् १९८० मा विश्वभर आएको निजी करणको लहरले नेपालमा पनि सार्वजनिक संस्थान सरकार आफैंले चलाउनुपर्छ कि पर्दैन भनेर छलफल सुरु गरिए।

सार्वजनिक संस्थानहरू सञ्चालनबाट सरकार अलग रहनुपर्छ भन्ने अवधारणा अन्तर्गत नेपालमा पनि २०४८ सालपछि निजीकरण सुरु गरियो। फलस्वरूप केही संस्थान विघटन वा बन्द गरिए भने केही हालसम्म सञ्चालनमा छन्। खुला बजार अर्थनीति अख्तियार गरेयता करिब ३० वटा संस्थानको निजीकरण गरिएको छ।

जसरी देशको आर्थिक उन्नयनको लागि निजी क्षेत्रको विस्तारको महत्व छ, निजी क्षेत्रका कम्पनी, संस्थाहरूलाई प्रतिस्पर्धी बनाउन, जनताप्रति उत्तरदायी बनाउन र उनीहरूलाई गुणस्तरीय सेवा प्रवाहका लागि अभिप्रेरित गर्न सार्वजनिक संस्थानहरूको उत्तिकै आवश्यक छ।

हाल सञ्चालित ४२ वटा सार्वजनिक संस्थानहरूमध्ये करिब १५ वटा नोक्सानमा देखिन्छन्। तिनीहरूको वित्तीय अवस्था र व्यवस्थापन राम्रो देखिएको छैन। तर त्यस बाहेकका २६ वटा संस्थान भने हालका वर्षहरूमा नाफामा रहेका छन्। तीन वटाको भने कारोबार शून्य रहेको तत्कालीन अर्थमन्त्री वर्षमान पुनले सदनलाई जानकारी गराएका थिए।

४४ वटा सार्वजनिक संस्थानमध्ये कम्पनी ऐन बमोजिम ३३ वटा, विशेष ऐन बमोजिम ७, सञ्चार संस्थान ऐन बमोजिम दुई वटा, सहकारी ऐन बमोजिम एक र संस्थान ऐन बमोजिम एउटा संस्थान स्थापना भएका हुन्। यी संस्थानहरूले पछिल्ला वर्षहरूमा भने आफ्नो वित्तीय अवस्था, व्यवस्थापन, कारोबार आदिमा सुधार गर्दै लगेका देखिन्छन्।

आर्थिक वर्ष २०७९/८० मा यी सार्वजनिक संस्थान हरूले ६ खर्ब ६१ अर्ब १ करोड बढी सञ्चालन आय गरेका थिए। नाफामा रहेका २६ वटा संस्थानहरूमध्ये पनि नेपाल आयल निगम, नेपाल विद्युत् प्राधिकरण, नेपाल दूर सञ्चार कम्पनी लिमिटेड, नागरिक लगानी कोष र निक्षेप तथा कर्जा सुरक्षण कोषको मुनाफा राम्रो रहँदै आएको छ। कुल गार्हस्थ्य उत्पादनमा सार्वजनिक संस्थानहरूको आयको अनुपात १२ प्रतिशत भन्दा बढी रहँदै आएको छ।

त्यसैगरी सरकारको कुल आयकरमा संस्थानहरूको योगदान ५ प्रतिशत भन्दा बढी रहँदै आएको छ। त्यसैगरी नेपालमा सार्वजनिक संस्थानहरूमा अहिले ३२ हजार भन्दा बढीले प्रत्यक्ष रोजगारी पाइरहेको अवस्था छ। हाल उच्च नोक्सानमा रहेका संस्थानहरूमा नेपाल वायुसेवा निगम, नेपाल खानेपानी संस्थान, दुग्ध विकास संस्थान, उदयपुर सिमेन्ट उद्योग र नेपाल टेलिभिजन रहेका छन्। सञ्चालनमा रहेका संस्थान हरूमध्ये अहिले ७ वटा संस्थान नेपाल स्टक एक्सचेन्जमा सूचीकृत छन्।

सार्वजनिक संस्थानको अपरिहार्यता

नेपालको संविधानमै समाजवादको कल्पना गरिएका कारण जनताको आधारभूत आवश्यकताको परिपूर्ति गर्न सार्वजनिक संस्थानहरूको उपस्थिति अझ महत्वपूर्ण छ। विश्वमा कुनै पनि मिश्रित अर्थव्यवस्था अँगालेका र समाजवादको सपना पालेका देशहरूले बजारलाई पूर्ण

वांकी ५ पेजमा...

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्कतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्ने सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वार्द्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

लाईफ गार्ड हस्पिटल
०२१४६५४१७७
कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# राधाकृष्ण रथयात्रा समारोहको इतिहास र वर्तमानमा मनाउने तयारी

विराटनगर । कृष्ण जन्माष्टमीको भोली पल्ट अर्थात भाद्र ११ बजे विराटनगरको राधाकृष्ण मन्दिर तीनपैनी देखि भव्य र सभ्य तरीकाले आम नगरिकले सहजता पुर्वक हेर्नेगरी रथयात्रा निकालिने भएको छ ।

राधाकृष्ण रथयात्रा समारोह समितिले विहीवार पत्रकार सम्मेलन गरी राधाकृष्ण रथयात्रा समारोहको इतिहास र वर्तमानमा मनाउने तयारीवारे जानकारी गराएको थिए ।

पत्रकार सम्मेलनमा एक प्रेस विज्ञप्ती जारी गरी रथयात्रा बारे जानकारी गराउँदै यसपालिको रथयात्रालाई ५ लाख भक्तालुहरुले दर्शन गर्ने समारोह समितिका अध्यक्ष कैलास रेग्मीले वताए ।

प्रेस विज्ञप्तीको पूर्णपाठ : आदरणीय सञ्चार कर्मी एवम् पत्रकार वन्धुहरु, वैदिक हिन्दू परम्परा अनुसार सर्वशक्तिमान परमेश्वरप्रति श्रद्धा एवम् भक्तिभाव व्यक्त गर्न आदीम कालदेखि नै मठमन्दिर, देवालय आदि स्थापना गर्ने प्रचलन चलिआएको छ। यसै पृष्ठभूमिमा यो मन्दिर महाभारत कालीन विराट राजाको नगरीको रूपमा प्रचलित धार्मिक एवम् औद्योगिक सहर विराटनगर महानगरपालिका वडा नं. १, २, र ३ को संगम स्थल पानीटंकी पोखरियामा धर्मानुरागी सज्जन पौडेल वन्धु सोमराज मुखिया ( पौडेल) र कृष्ण प्रसाद पौडेल द्वयहरूबाट प्रदत यो पुण्य भूमीमा वि.सं. १९८८ मा यो मन्दिर धर्मप्रेमी धार्मिक व्यक्तित्व पं. श्री इन्द्रलाल भट्टद्वारा स्थापना भएको हो। यस मन्दिरको स्थापना कालदेखि नै वैदिक सनातन हिन्दू धर्म अनुसार दैनिक पूजा अर्चना हुनुका साथै हरेक वर्ष विभिन्न धार्मिक महोत्सव खास गरी, जनैपूर्णिमा, झुलन पर्व, श्री कृष्ण जन्माष्टमी, ऐतिहासिक रथ यात्रा, राधा अष्टमी, वामन जयन्ती, महाशिवरात्री मनाइदै आएको छ । जत्त मध्ये ऐतिहासिक रथ यात्रा यस मन्दिरको मात्र नभएर पूर्वाञ्चल बासी यसमा पनि विराटनगर वासीको गौरवमय धार्मिक पहिचान एवम् धार्मिक धरोहरको रूपमा स्थापित छ। यो रथ यात्रा एसिया महादेशकै सवैभन्दा ठूलो जगन्नाथपूरी पछिको दोस्रो ठूलो रथयात्राको रूपमा चिनिने गर्दछ। यो रथ यात्रा आममानिसको आध्यात्मिक चेतनाको अभिवृद्धि, विश्व वन्धुत्वको भावना, धार्मिक सहिष्णुता र साम्प्रदायिक सद्भावको प्रतिकको रूपमा स्थापित भएको छ ।

मन्दिर स्थापना सँगै वि.सं. १९८८ साल देखि यूगल जोडी भगवान श्रीराधाकृष्ण आरूढ 'वट' यात्रावाट प्रारम्भ भएको ऐतिहासिक जात्रा वि.सं. २०२५ सालबाट स्वर्गीय वृ.ज. भूपालमान सिंह कार्की एवम् स्व. सत्यनारायण धनावतद्वारा भव्य एवम् विशाल रथको निर्माण गरि निरन्तर रथयात्रा महोत्सव सञ्चालन हुँदै आएको ९३ औं महोत्सव भव्य रूपमा मनाउन र उक्त रथयात्रा महोत्सवमा नेपाल र भारतका सबै जाति, वर्ण र लिङ्गका गरि करिव ५ लाख श्रद्धालु भक्तजनहरूले प्रत्यक्ष अवलोकन गर्ने तथ्य यहाँलाई अवगत गराउन पाउँदा मन्दिर समिति गौरवान्वित महशुस गर्दछ ।

सदा झै यस वर्ष पनि श्री कृष्ण जन्माष्टमीको भोलिपल्ट अर्थात मिति २०८१ साल भाद १९ गते, अपरान्ह ३:३० बजे यूगल जोडी भगवान् श्रीराधाकृष्ण विराजमान होईबक्सेको रथ यस मन्दिरवाट प्रारम्भ भई मेनरोड, ट्राफिक चौक, रोडशेष हुँदै महेन्द्रचौक, धरान रोड, वरगाछी हुँदै पुन: मन्दिर परिसरमा आई पुग्दा जम्मा ४३ स्थानमा विश्राम गर्दै रयले ५ किलोमिटरको दुरी ६ घण्टाको समयावधिमा तय गर्ने छ । यसको सफल सञ्चालनका लागि ९ महिना अगावै वृहत धार्मिक सभाको आयोजना गरि रथयात्रा समारोह समिति गठन गरि सक्रिय रूपमा रथयात्राको तयारी भई रहेकोछ । यसका अतिरिक्त ऐतिहासिक रथयात्रा महोत्सव २०८९ लाई व्यवस्थित एवम् हर्षोउल्लाहास का साथ मनाउन कोशी प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय, विराटनगर महानगरपालिका, जिल्ला प्रहरी कार्यालय, प्रदेश प्रहरी कार्यालय, नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम, खानेपानी संस्थान, उद्योग एवम् व्यापारीक प्रतिष्ठान लगायत विभिन्न धार्मिक संघ संस्थाहरुको प्रत्यक्ष सहयोग एवम् महत्वपूर्ण भूमिका रहि आएको छ ।

रथयात्रामा प्रयोग गरिने रथ पेगोडा शैलीमा बनाईको छ जसको लम्वाई २२ फिट, चौडाई २४ फिट र उचाई १८ फिट रहेको छ। यस रथको अग्र भाग जुआबाट ७५ फिट लम्वाईका दायाँ र बायाँ पट्टि फैलिएका लठ्ठा (डोरी) रहने छ। जसलाई दायाँ पट्टिको लठ्ठामा पुरुष भक्तजन र बायाँपट्टिको लठ्ठामा महिला भक्तजनहरुले लष्ठा समाई उक्त लठ्ठालाई तानी रथ सञ्चालन गर्ने परम्परा रहि आएको छ ।

उक्त रथको मध्यभागमा युगलजोडी भगवान् श्रीराधा कृष्णलाई आरुढ गराई ५ जना पंडितजीको समुह, प्राविधिक १ जना, कमिटिको तर्फवाट १ जना गरी ७ जना रथमा रहने व्यवस्था गरिएको छ । उक्त रथको अग्र भागमा विभिन्न जातजाती, सम्प्रदाय, धर्म एवम् संस्कृति झल्कने झाँको एवम् भजन मण्डलीहरुको ताँती रहने छ । जसले गरिव ३ किलो मिटरको लम्वाई ओगट्ने छ । यत्त वर्षको रथयात्रा समारोहको मुख्य आकर्षण रथले तय गर्ने मार्गमा हेलिकप्टरबाट पुष्प गुच्छा वर्षाइने कार्यको तयारी भईरहेको छ । रथयात्रा महोत्सव २०८१ को शुभारम्भ कोशी प्रदेशका मुख्यमन्त्री, विराटनगर महानगरपालिकाका प्रसुमज्यूहरु बाट हुने जानकारी गराउँदछु ।

यत्तै परिपेक्षमा ऐतिहासिक रथ यात्रा समारोह-२०८१ लाई व्यवस्थित रूपले सञ्चालन गर्न यही आवण २९ गते वृहत धार्मिक सभाबाट श्री राधाकष्ण रथ यात्रा समारोह समिति २०८१ मन्दिर कार्यत्तमितिका अध्यक्ष श्री कैलाश रेग्मीज्यूको अध्यक्षतामा ५०९ सदस्यीय मूल समारोह समिति गठन गरी उक्त समिति मातहत निम्न १८ वटा उपसमितिहरू निर्माण गरी संयोजकहरुको चयन धार्मिक सभावाट अनुमोदन गरियो ।

उपसमितिहरु तथा झण्डा

रथका मुख्य सारथी पं. भवानी शंकर निरौला, रथ सञ्चालन तथा झाँकी उपसमिति संयोजक श्री सुरेश जायसवाल, रथ श्रृङ्गार उप समिति संयोजक श्री आनन्द जाजू, सुपरिवेक्षण उपसमिति, संयोजक श्री मोहन भट्टराई, सहसंयोजक ध्रुव क्षेत्री, डम्वर बहादुर कार्की, प्राथमिक उपचार उपसमिति संयोजक श्री मीना जोशी, प्राविधिक उपत्तमिति संयोजक श्री दिपक प्रधान, स्वयम सेवक उपत्तमिति संयोजक श्री सन्तोष महत ( सेन्ट्रो), सहसंयोजक श्री पवन भट्टराई, श्री सचित ओझा, प्रसाद व्यवस्थापन उपसमिति संयोजक श्री अंकित मारु, सहसंयोजक श्री सोनु रौनियार, पिउने पानी व्यवस्थापन उपसमिति संयोजक श्री सुनील साह, विद्युत व्यवस्थापन उपत्तमिति संयोजक श्री मोहन प्रसाद गिरी, सडक लोक सांस्कृतिक उपसमिति संयोजक श्री ओम प्रकाश राठी, फोहोर व्यवस्थापन उपसमिति संयोजक पुनम दाहाल, सोसल मिडिया विभाग उपसमिति संयोजक श्री अभिषेक भट्टराइ, सहसंयोजक श्री सुवास भण्डारी, प्रचारप्रसार उप समिति संयोजक श्री तारा आचार्य, सहसंयोजक श्री विनचन्द्र कर्ण, श्री अनुज सापकोटा, श्री प्रेम देवान, अध्ययन तथा अनुसन्धान उपनमिति संयोजक श्री शंकररेल, सहसंयोजक श्री सरोज पौडेल, नगर श्रृङ्गार उपसंयोजक श्री लल्कू सहनी, जुवा व्यवस्थापन उपसमिति संयोजक श्री सुजित चेल, मन्दिर श्रृङ्गार उपसमिति संयोजक श्री दिपक अग्रवाल रहेका छन् ।

श्री राधाकृष्ण मन्दिर व्यवस्थापन समितिमा श्री अन्जु कार्की संयोजक, श्री लिलानाथ बराल सहसंयोजक, सदस्यहरु श्री चम्पालाल राठी, श्री हरिवहादूर काकी, श्री दामोदर प्रसाद धिमिरे, श्री पुनम कुमार गुप्ता, श्री बाबूराजा ओझा रहेका छन् ।

त्यसैगरी श्री राधाकृष्ण मन्दिर कार्य समितिमा श्री कैलाश रेगमी अध्यक्ष, श्री नन्दकिशोर राठी उपाध्यक्ष, श्री कृष्ण बहादर कार्की सचिव, मा. भीम पराजुली सह सचिव, वजरंग वाहेती कोषाध्यक्ष, प्रा कपिल कुमार भण्डारी बरिठ सदस्य, सदस्यहरुमा श्री नविनिता रिजाल, श्री अन्जना थापा, हेमराज पौडेल, नरेश राठी रहेका छन् ।

पुरस्कार सम्वन्धमा

मन्तिर समितिको मातहत मा विभिन्न पुरस्कार नान गर्दै आइरहेका श्रीकृष्ण जन्माष्टमी को धार्मिक सनामा हरेक वर्ष पोखरल राठीको स्मृतिमा राठी परिवारवाट स्यापिल "परमराठी धर्मसंस्कृति पुरस्कार वर्ष विराटनगरका श्री विराटेश्वर वृद्धाश्रम सेवा समितिका अध्यक्ष, समाजसेवी श्री जमलाई सम्मानपत्र सहित रु १. लाख १ हजारको राशी प्रदान,

त्यसै गरी संस्कृत अध्ययन गर्ने बटुकहरुलाई पुरस्कार राशी वितरण गर्ने हेतुले विभिन्न धर्मानुरागी महानुभावहरूले जम्मा गर्नु भएको अक्षय कोष रकमको प्राप्त व्याज रकमवाट पुरस्कार स्वरुप प्रत्येक वर्ष आयोजना हुने श्रीकृष्ण जन्माष्टमीको धार्मिक सभामा प्रदान गरिने छ । अक्षय कोषका दाताहरु निम्नानुसार रहेका छन् ।

श्री हरीदेवी चापागाईं

वांकी ४ पेजमा...

## स्वास्थ्य

# डेंगु के हो ? दश लक्षण र बच्ने उपाय

डेंगु एक प्रकारको ज्वरो हो । यो लामखुट्टेको टोकाइबाट सर्ने संक्रामक रोग हो । डेंगुको भाइरसद्वारा संक्रमित भएको एडिस एजिप्टाई जातको पोथी लामखुट्टेले यो रोग सार्दछ । यो रोग सार्ने लामखुट्टे ग्रामीण क्षेत्रभन्दा शहरी क्षेत्रमा बढी पाइने गर्दछ ।

यसले स-साना सफा पानी जमेको स्थानमा फुल पार्ने गर्दछ । खास गरी वर्षाको पानी जम्ने टीनका डब्बाहरू, रंगका खाली डब्बा, थोत्रो टायर, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरू, फुलदानी, गमला, पानीका ट्याकी आदिमा यस्ले फुल पार्दछ । सहरी क्षेत्रमा यस्ता वस्तुहरू पर्याप्तमात्रामा हुने भएकाले पनि यो लामखुट्टे सहरमा बढी देखिएको बताए ।

डेंगु एडिस एजेप्टाई र एडिस एल्वौपेक्टस नामक लामखुट्टेले टोकेर हुने तीब्र भाइरल संक्रमण हो । यो भाइरस डेंगु १, डेंगु २, डेंगु ३ र डेंगु ४ गरी चार प्रकारका हुन्छन् । एडिज लामखट्टे कालो रंगको हुन्छ, जसमा सेतो थोप्लो पनि देखिन्छ । यो लामखुट्टेले विशेषगरी दिउँसो टोक्ने गर्दछ । औलो उत्पन्न गर्ने लामुखट्टे फोहोर पानीमा पाइने भए पनि डेंगु सार्ने लामखुट्टेले थुप्रै दिनदेखि हलचल नभएको स्वच्छ पानीमा फुल पार्छ ।

डेंगु रोग क्लासिक डेंगु, हेमोरेजिक र साक सिन्ड्रोमगरी तिन प्रकारका छन । क्लासिक डेंगु सामान्य प्रकारको डेंगु हो । यो आफैं निको हुन्छ, मृत्युको सम्भावना कम हुन्छ । तर यदि कुनै व्यक्तिलाई डेंगु हेमोरेजिक ज्वरो वा डेंगु साक सिन्ड्रोम भएको छ भने यसको उचित प्रकारले उपचार नगरे मृत्यु हुन सक्छ ।

स्वास्थ्य संस्थामा यसको लक्षण अनुसार उपचार गरीन्छ । ज्वरो घटाउन सिटामोल खानुपर्छ तथा प्रशस्त झोल पदार्थ खानुपर्छ । तर ज्वरो घटाउने भनेर एस्पीरीन तथा आईबुप्रोफेन भने खान हुँदैन । डेंग ज्वरो विरुद्धको खोप तथा खास उपचार समेत नभएको हुँदा लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगको बचावटको मुख्य उपाय हो । डेंगु ज्वरोको शंका लागेमा हुन सक्ने जटिलताबाट बचाउन तत्काल नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क राख्नु पर्छ ।

### लक्षण

डेंगु ज्वरोको मुख्य लक्षण भनेको एक्कासी उच्च ज्वरो आउनु हो । यो ज्वरो ५ देखि ७ दिनसम्म रहन सक्छ । ज्वरोका साथै निम्न लक्षणहरू पनि देखा पर्दछ ।

- असाध्यै टाउको दुख्ने
- आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने
- ढाड, जोर्नी तथा मांसा पेशिहरू दुख्ने
- शरीरमा विमिरा आउने
- वाकवाकी लाग्ने
- पेट दुख्ने
- नाक वा गिजाबाट रगत बग्ने
- रक्तश्राव हुने वा शरीरमा रगत जमेको दागहरू देखापर्ने, बेहोश हुने आदि लक्षणहरू पनि देखा पर्न सक्छ ।

### बच्ने उपाय

- डेंगु ज्वरोबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुका साथै लामखुट्टेको वृद्धि रोक्नु पर्छ ।
- पानी जम्न सक्ने भाँडाहरू जस्तै गमला, फुलदान, खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरू, गाडीका काम नलाग्ने टायरहरू आदिमा पानी जम्न नदिने
- पानीको ट्याङ्किलाई लामखुट्टे प्रवेश गर्न नदिने गरि छोपेर राख्ने
- कुलरमा रहेको पानीमा प्रत्येक हप्ता एक दुई चम्चा मट्टितेल हालिदिने साथै जम्मा भएको पानी सफा गर्ने
- फुलदानिमा रहेको पानी हप्तामा दुई पटक फेर्ने
- यस लामखुट्टेले दिउँसो टोक्ने हुँदा दिउँसो बस्दा बाहुला भएको वा शरिर ढाकिने लुगा लगाउनु पर्छ
- सम्भव भएसम्म दिउँसो सुत्दा पनि झुल प्रयोग गर्नु पर्छ, साथै साना केटाकेटिलाई जुनसुकै समयमा पनि झुल भित्र सुताउनु पर्दछ ।
- लमखुट्टेको टोकाइबाट बच्न लामखुट्टे भगाउने मलहम दल्न पनि सकिन्छ
- घरका झ्याल ढोकामा जाली लगाउनु उपयुक्त हुन्छ
- घर वरिपरि सफा सुग्घर राख्ने, पानी जम्ने खाल्टा खुल्टी पुर्ने गर्नु पर्छ ।



## राधाकृष्णा...

छात्रवृत्ती अक्षयकोष रु. ५१ हजार, श्री नारायण प्रसाद/महामाया भण्डारी छात्रवृत्ति अक्षयकोष रु. ५१ हजार, श्री ताराना/पवित्रादेवी धिमिरे छात्रवृति अक्षयकोष हजार, नथुनी प्रसाद जायसवाल छात्रवृति अक्षयकोष रु. ५१ हजार, जगत वन्धु/अन्जु कार्की छात्रावृत्ति अक्षयकोष रु. १ लाख रहेका छन्। यसै गरी मन्दिरको दैनिकी पूजा अर्चनाका लागि देवराज/गंगादेवी थापावाट अक्षयकोष स्वरूप रु. १ लाख १ हजार जम्मा रहेको छ।

विराटनगर महानगर पालिका लाई विभिन्न कामगर्न गरिएको अनुरोध

१. रथ सञ्चालन हुने मार्गहरू पानीट्यांकी चौक, तीनपैनी चौक, वडा प्रहरी कार्यालय, जलजला मोड, ट्राफिक चोक, भूमी प्रशासन चौक, रोडशेष चौक हुँदै महेन्द्र चौक, कोशी राजमार्ग अन्तरगत शनिमन्दिर चौक, भृकुटी चौक, बरगाछी चौकबाट पूर्व दुर्गा चौक, पानीट्यांकी चौक हुँदै पुन: मन्दिर परिषर सम्मको वाटो मर्मत सम्भार एवम् नालाका ढक्कनहरू दुरुस्त बनाउन पत्राचार गरिएको।

२. यस मन्दिर क्षेत्र नजिकका सडक एवम् रथ सञ्चालन हुने मार्गहरूमा सरसफाई गर्न पत्राचार गरिएको।

३. रथ सञ्चालन हुने मार्ग लगायत मन्दिर क्षेत्र आसपासका सडकमा सडक बतीको व्यवस्था दुरुस्त राख्न पत्राचार गरिएको।

४. रथ यात्राका दिन दमकल, नगर रक्षक, मावन एवम् भौतिक सम्ताधनहरुलाई दुरुस्त हालतमा राख्न म.न.पा. लाई पत्राचार गरिएको।

५. श्री कृष्ण जन्माष्टमी एवम् रथयात्राको प्रचारप्रसारका लागि नगर क्षेत्रभित्र माइकिङ्गो व्यवस्था मिलाईदिन पत्राचार गरिएको।

६. विगत वर्षहरूमा रथ यात्रा दर्शनार्थीहरुले यात्राका क्रममा भोग्नु परेका समस्याहरु मध्ये दिउँसोको समयमा शौच त्याग गर्ने उचित सार्वजनिक शौचालयको अभावमा सास्ती खेप्नु परेको अवस्थालाई मध्यनजर गर्दै तहाँ कार्यालय मातहतमा रहेका घुम्ती शौचालयहरुलाई परिचालन गर्नुका साथै रथयात्रा समारोह समितिका तर्फबाट पनि उचित स्थानहरुमा अस्याइ रूपमा मुत्रत्याग गर्ने व्यवस्था मिलाउन म.न.पा. समक्ष पत्राचार गरिएको।

७. प्रत्येक वर्ष मनाईने यस ऐतिहासिक रथ यात्रा सञ्चालानार्थ लाग्ने खर्चको केही अंशको व्यवस्था नगर परिषदवाटै पास गरी आवश्यक रकमको सुनिश्चित गर्न हार्दिक अनुरोध गरिएको।

जिल्ला प्रहरी कार्यालय मोरङलाई गरिएको अनुरोध

१. मिति २०८१ भाद्र १० गते श्री कृष्णजन्माटमीका दिन प्रात: बजेदेखि मध्यरात १२ बजेसम्म सुरक्षाकर्मी खटाईदिन अनुरोध छ।

२. मिति २०८९ साल भाद्र ११ गते मध्यान्ह १ बजेदेखि रथ सञ्चालन हुने रुटहरुमा सुरक्षाकर्मी परिचालन गरी सडक लोक सांस्कृतिक नृत्य प्रर्दशन गर्ने टोलीहरुलाई आवश्यक सहयोग एवम् सुरक्षा प्रदान गर्नुका साथै मध्यन्ह ३ बजेवाट रथयात्रा प्रारम्भ हुने भएको हुँदा सोको उचित सुरक्षा प्रदान गरिदिनु हुन अनुरोध छ। रथ प्रस्थान पश्चात: रथको विश्राम स्थान निम्न रहेका छन्।

राधाकृष्ण मन्दिर गेट अगाडी, तीनपैनी चौक, धनावत निवास अगाडी, विराटेश्वर महादेव मन्दिर, शंकरपुर जाने मोड, महानगरपालिका चौक, गोल्छा चौक, वडा प्रहरी कार्यालय, सत्यनारायण मन्दिर, जैन भवन अगाडी, जलजला मोड, बाटा गल्ली चौक, राष्ट्रिय वाणिज्य बैंक, ट्राफिक चौक, लक्ष्मी सनराई बैक अगाडी, एक्यापार्क जाने मोड, रोडशेष चौक, वडा प्रहरी कार्यालय, सातघुम्ती मोड, काली मन्दिर, पञ्चमुखी हनुमान मन्दिरककर कार्यालय, संसारी माईस्थान अगाडी, भूमी प्रशासन चौक, कलेज मोड, महेन्द्र चौक, बस पार्क, एन.आई.डो.सी. भवन, सरीचिया चौक, महाविर रोड चौक, शनिमन्दिर चौक, भाटभटेनी अगाडी, सत्य नारायण मा.वि., विधुत प्राविधि, राधाकृष्ण मन्दिर रथ मिश्राम लिने छ।

जिल्ला ट्राफिक कार्यालय मोरङ

१. मिति २०८१ भाद्र १० गते श्री कृष्णजन्माटमीका दिन प्रात:५ बजेदेखि साँझ ५ बजेसम्म तीनपैनी चौकदेखि पानीट्यांकी चौकसम्म सिटि रिक्सा, मोटरसाइकल, हल्का तथा भारी सवारी साधनहरुलाई प्रवेशमा रोक लगाई भक्तजन हरुको आवगमन सहज गरिदिन हुन अनुरोध छ।

२. मिति २०८१ साल भाद्र २९ गते रथयात्राका दिन विहाने देखि रवले तय गर्ने मार्गहरूमा चेतनामूलक सन्देश प्रवाहका लागि माइकिङ नराईदिन हुन अनुरोध छ। (माइक र सवारी साधनको व्यवस्था आयोजक समितिले गर्नेछ।

३. मिति २०८९ साल भाद्र ११ गते मध्यान्ह १ बजेदेखि निम्न स्थानहरुमा सडक लोक सांस्कृक्तिक नृत्य रथयात्रा मार्गमा प्रदर्शन गरिने भएको हुँदा सोको लागी ट्राफिक व्यवस्था मिलाईदिन हुन अनुरोध छ।

नृत्यपदर्शन गर्ने स्थानहरु

शिव मन्दिर चौक, भृकुटी चौक, विराट नर्सिङ होम चौक, बरगाछी चौक, शंकरपुर जाने बाटो मोड पानीट्यांकी चौक। राधाकृष्ण मन्दिर, शनिहाट चौक, नेपाल बैंक लि., सिटी अफिस, बुधहाट चौ, भूमीप्रशासन चौक, बस पाकबसपार्क, तीनपैनी चौक, अतिथि सदन, काली मन्दिर, ट्राफिक चौक, रोडशेष चौक, महेन्द्र चौक, सरौचिया चौक, शनिमन्दिर चौक, शिवमन्दिर चौक। भृकुटी चौक, मुनालपय चौक, बरगाछी चौक २२) पानीट्यांकी चौक र दुर्गा चौक रहेको छ।

कोशी प्रदेश प्रहरी कार्यालय: शोभा रथ यात्राका लागि प्रहरी वैण्ड उपलब्ध गराईदिन हुन अनुरोध गरिएको।

ृकोशी प्रदेश प्रहरी तालिम केन्द्र :- राधाकृष्ण रथ यात्रा महोत्सवमा रक्को जब भानको दुवैपट्टी जडित करिव ७७/७७ फुट लम्वाई भएका रथ तान्ने डोरी नियन्त्रण गर्नका लागि पि.टि. ड्रेसका महिला सुरक्षाकर्मी ५० र पुरुष सुरक्षाकर्मी ७० गरी जम्मा १०० जना सुरक्षाकर्मी उपलब्ध गराई दिनु हुन अनुरोध गरिएको छ।

शसस्त्र प्रहरी बल :- रथ यात्राको क्रममा रथको विशेष सुरक्षा, मन्दिर परिसरको सुरक्षा एवम् संवेदनशील क्षेत्रको सुरक्षा प्रदान गरिदिन अनुरोध छ।

नेपाल विद्युत प्राविधिकरण :-

१. रथ परिक्रमा गर्ने मार्गहरुमा जडित विद्युत पोलका तारहरुको सञ्जाललाई व्यवस्थित गरी जमिनबाट न्युनतम २० फिट उचाईमा रास्ने व्यवस्था मिलाई दिन अनुरोध गरिएको छ।

२. रथयात्राका क्रममा विद्युतिय दुघर्टना हुन नदिन सबै उपाय अवलम्ब गरी साधन नीत सम्पन्न प्राविधिक टोली रथयात्राको अवधि भरी सक्रियरुपमा कार्यक्षेत्र परिचालन गर्न अनुरोध छ।

३. श्री कृष्ण जन्माष्टमी र रथ यात्राका दिन नियमित रुपमा विदुतलाईन प्रवाहका लाग ने.वि. प्राविधिकरण प्रारण ग्रिड, पूर्व शाखा, दुहवीसंग समन्वय गरी निरन्तर विद्युत प्रसारण गर्न अनुरोध गरिएको छ।

नेपाल टेलिकम विराटनगर

१. रथ परिक्रमा गर्ने मार्गहरूमा टेलिकमका पोलहरुमा जडित केवलको सन्जाललाई व्यवस्थित गरी रोडक्रस गर्ने इन्टरपोल कनेक्सन केवललाई जमिनबाट न्युनतम २० फिट उचाईमा राख्ने व्यवस्था मिलाउन अनुरोध गरिएको छ।

२. रथयात्राको अवधिभरि साधन स्रोत सम्पन्न प्राविधिक हरू खटाई सहयोग गरिदिन अनुरोध गरिएको छ।

३. त्यस कार्यालयको मातहतमा रहेका पिक अप भ्यान यान-१ र कर्मचारी हरुद्वारा सञ्चालित एम्बुलेन्स गाडी उपलब्ध गराई सहयोग गरिदिन अनुरोध गरिएको छ।

केवल च्यालन एवम् नेट प्रदायक संघ/संस्थाहरु

रथले तय गर्ने रुटहरूमा जडित केवलहरू जमिनबाट न्यूनतम २० फिटको उचाईमा राख्ने व्यवस्था मिलाई दिन अनुरोध गरिएको छ।

कोशी अञ्चल अस्पताल, विराटनगर

रथ यात्राको दिन उक्त अस्पतालवाट एम्बुलेन्सका साथै प्रर्याप्त औषधी उपचारका सामाग्री सहितको स्वास्थ्यकर्मी हरूको टोली पठाई सहयोग गरिदिन अनुरोध छ। यसका अतिरिक्त रथ यात्राका दिन भवितव्य भईपरि आउने दुर्घटनालाई मध्य नजर गर्दै अस्पतालमा आवश्यक चिकित्सक एवम् औषधी उपचारको उचित व्यवस्थापन गर्न अनुरोध गरिएको छ।

नेपाल खानेपानी संस्थान

श्रीकृष्ण जन्माष्टमी र त्यसको भोलिपल्ट मनाइने ऐतिहासिक रथयात्राका क्रममा विभिन्न स्थानबाट पाल्नु हुने श्रद्धालु भक्तजनहरुको सुविधाका लागि उक्त दुबै दिन निरन्तर खानेपानी वितरणको उचित व्यवस्था मिलाउन अनुरोध गरिन्छ।

रेडक्रस सोसाइटी

एम्बुलेन्सका साथ प्राथमिक उपचारका लागि औषधी र उपचारका सामाग्री सहित स्वास्थ्यकर्मी उपलब्ध गराईदिन अनुरोध गरिएको छ।

आम सन्चार माध्यम

विराटनगर धार्मिक आस्थाको केन्द्र, धार्मिक धरोहरको रूपमा स्थापित यो ऐतिहासिक रथ यात्राको प्रचार प्रत्तार गरी क्षेत्रिय, राष्ट्रिय एवम् अन्तराष्ट्रिय रुपमा यसको धार्मिक महत्व एवम् ख्यातीलाई उजागर गर्न सहयोगका लागि रथयात्रा समारोह समिति सम्पूर्ण आम सञ्चारसँग आवद्ध पत्रकार साथीहरुसँग हार्दिक अपिल गर्दछ।

अन्त्यमा, औद्योगिक एवम् धार्मिक नगरी विराटनगरमा मुलककै महत्वपूर्ण र धार्मिक क्षेत्रमा उल्लेखनिय महोत्सवका रूपमा सञ्चालन भई आएको श्री राधाकृष्ण रथयात्रा महोत्सव २०८१ सहयोग र सद्भावका लागि त्तम्पूर्ण नगरवासी दाजुभाई दिदीवहिनीहरूमा हार्दिक अनुरोध गर्दछौ।

कैलाश रेग्मी अध्यक्ष श्रीराधाकृष्ण रथ यात्रा समारोह समिति-२०८१ पानीट्यांकी, विराटनगर-१ ले निर्धक भएर रथ यात्रामा सहभागी हुन हार्दिक आह्वान गरेको छ।

# लागुऔषध सहित दश प्रहरीको फन्दामा

कोशी प्रदेशको विभिन्न जिल्लाबाट लागुऔषध सहित दश जना पक्राउ

विराटनगर। संखुवासभा, उदयपुर, झापा, मोरङ र सुनसरीबाट लागुऔषध सहित १० जनालाई प्रहरीले पक्राउ गरेको छ।

आईतवार संखुवासभाको धर्मदेवी नगरपालिका-८ स्थित अस्थायी प्रहरी चौकी केवाबेसीबाट खटिएको प्रहरी टोलीले को.२०प १८८ नम्बरको मोटरसाईकललाई चेकचाँच गर्दा चालक खाँदबारी नगरपालिका-२ का ४४ बर्षीय रोशन ओझाले हेलमेट भित्र लुकाई छिपाई ल्याउदै गरेको अबस्थामा लागुऔषध ब्राउनसुगर २१ ग्राम २४० मिलिग्राम फेला पारी नियन्त्रणमा लिएको थियो।

त्यसैगरी मोरङको बिराटनगर -१५ स्थित लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले १ ग्राम ३८ मिलिग्राम ब्राउन सुगर सहित सुनसरी ईटहरी-१० का ३९ बर्षीय राजन बुढाथोकीलाई पक्राउ गरेको थियो। इलाका प्रहरी कार्यालय अनारमनी झापा बाट खटिएको प्रहरी टोलीले बिर्तामोड नगरपालिका-१ बाट २५ बर्षीय बिशाल राईलाई १९० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

सुनसरीको धरान उप-महानगरपालिका-१५ स्थित अस्थायी प्रहरी पोष्ट नयाँ वसपार्कबाट खटिएको प्रहरी टोलीले नियन्त्रित औषधी ट्रामाडोल १९२ क्याप्सुल बेचबिखान गरिरहेको अवस्था मा फेला पारी अर्जुन थापा, २२ बर्षीय सनम राई, १८ बर्षीय विबेक थापा र युवराज लिम्बुलाई पक्राउ गरेको थियो। प्रहरी चौकी लाल पत्ताबाट खटिएको प्रहरी टोलीले त्रियुगा नगरपालिका-११ का १८ बर्षीय हुमन कार्की, १८ बर्षीय सम्बीर सुयल र अमृत नेपालीलाई बुप्रोनोर्फिन, प्रोमेथारजिन र डाइजापाम गरी ६५ एम्पुल नियन्त्रित औषधी सहित पक्राउ गरेको थियो।

पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको छ।

# देवेन्द्र गौतम पत्रकारीता पुरस्कार एवम् प्रशंसा घोषणा

विराटनगर। वरिष्ठ पत्रकार देवेन्द्र गौतमको स्मृतिमा करेन्ट मिडिया एण्ड रिसर्च सेन्टर प्रालिले स्थापना गरेको 'देवेन्द्र गौतम पत्रकारिता पुरस्कार' यसवर्ष वरिष्ठ पत्रकार, दृष्टि साप्ताहिकका सम्पादक शम्भु श्रेष्ठलाई प्रदान गरिने भएको छ।

स्व. गौतमको दोस्रो स्मृति दिवस असोज २ गते (सेप्टेम्बर १८) का अवसरमा यो पुरस्कारका साथै दुई प्रतिष्ठित ब्यक्तित्व - गेहेन्द्रमान अमात्य र रघु घिमिरेलाई प्रशंसापत्र प्रदान गरिने छ।

पुरस्कृत हुनुहुने श्रेष्ठ विगत पाँच दशकदेखि निरन्तर लोकतान्त्रिक मूल्य मान्यतामा आस्था राखी पत्रकारिता क्षेत्रमा सक्रीय हुनुहुन्छ। तत्कालीन पञ्चायती निरंकुश सत्ताबाट नेपालपोष्टको प्रकाशनमा रोक लगाउँदा उहाँले आफ्नो नाममा दर्ता भएको 'मायालु' नेपालपोष्टका सम्पादक प्रकाशकलाई सहयोग स्वरुप प्रकाशन गर्न प्रदान गर्नुभएको थियो। नेपालपोष्टको सहयोगसाथ प्रकाशन भएको मायालुको पनि प्रकाशनमा रोक लगाइएको थियो।

गेहेन्द्रमान अमात्य नेपाली छापा प्रकाशनको इतिहासमा बिर्सन नसकिने ब्यक्तित्व हुनुहुन्छ जसले सरकारी सेवा सूचना विभागमा सेवारत भएर पनि निजी तवरमा पत्रपत्रिकामा छापिने तस्विरका जिंकब्लक बनाएर उपलब्ध गराउन हुन्थ्यो।

उहाँकहाँबाट क्रान्तिकारी नेता रामराजा प्रसाद सिंहको ब्लक ल्याएर देवेन्द्र गौतमले पत्रिकामा छाप्दा प्रहरीले उहाँको कारखानामा पनि छापा मारेको थियो। सरकारी कर्मचारी उहालाई प्रहरी कारवाहीबाट जोगाउन उहाँका छोराले गिरफ्तारी दिएर हिरासतमा बसिदिनु भएको थियो। आदरणीय अमात्यको सहयोग र योगदानको हामी प्रशंसा गर्दछौं।

यस्तै रघु घिमिरेले हाम्रा प्रकाशनहरुका लागि शहर वा ग्रामीण क्षेत्रका सर्वसाधारण का विषयदेखि महत्वपूर्ण घटनाहरुको रिपोर्टिङ उपलब्ध गराउनुहुन्थ्यो। हामी उहाँले निरन्तर पुऱ्याउनुभएको योगदानको कदर एवं प्रशंसा गर्दछौं।

देवेन्द्र गौतम पत्रकारिता पुरस्कारको राशि रु.एक लाख रहनेछ। प्रशंसापत्रका साथ जनही पचास हजार रुपियाँ रहनेछ।






## नेपालका...

रूपमा खुल्ला छोडेका छैनन् ।

हाम्रै छिमेकी देश चीनले पनि सन् १९७८ बाट उदार अर्थव्यवस्था अँगाले पनि सबै क्षेत्र खुला छोडेको छैन । जनताप्रतिको उत्तरदायित्व बहन गर्न धेरै आधारभूत सेवा प्रदायक संस्थानहरू सरकारले नै चलाएको छ । त्यसकारण जनतालाई अधिकतम सेवा प्रवाह गर्न सार्वजनिक संस्थानहरूको उत्तिकै महत्व छ ।

जसरी देशको आर्थिक उन्नयनको लागि निजी क्षेत्रको विस्तारको महत्व छ, निजी क्षेत्रका कम्पनी, संस्थाहरूलाई प्रतिस्पर्धी बनाउन, जनताप्रति उत्तरदायी बनाउन र उनीहरू लाई गुणस्तरीय सेवा प्रवाहका लागि अभिप्रेरित गर्न सार्वजनिक संस्थानहरूको उत्तिकै आवश्यक छ । जसले गुणस्तरीय सेवा प्रवाहमा प्रतिस्पर्धी भावना जागृत गर्दछ ।

जस्तो कि कुनै बेला वायुसेवा प्रदायकको रूपमा नेपाल एअरलाइन्सको एकमना अधीनस्थ कायम रहँदा वायुसेवाको दायरा र गुणस्तर जति फराकिलो थियो त्योभन्दा धेरै गुणा फराकिलो दायरा निजी क्षेत्रका वायुयान कम्पनीहरूलाई सम्बन्धन दिएपछि भएको छ । यद्यपि विडम्बना नै भन्नुपर्छ निजी क्षेत्रको आगमनसँगै सरकारी विमान सेवा कम्पनी नेपाल एअरलाइन्स थला परेको छ ।

त्यसमा सरकारको लाचारी पन, कमजोर व्यवस्थापन, भ्रष्टाचार, अनियमितता र आफ्ना मान्छे भर्ती केन्द्र बनाउँदाको परिणाम हो त्यो । त्यो नीतिको दोष हुँदै होइन । सरकारले रोल मोडलको रूपमा संस्थानहरू चलाउने हो । जसले निजी क्षेत्रलाई पनि सुपथ, सर्वसुलभ एवं गुणस्तरीय बनाउन सहयोग गरोस् !

अर्को पाटोबाट हेर्दा जस्तो कि आज विद्युत् प्राधिकरणको उपस्थितिले थुप्रै जलविद्युत् कम्पनीहरू निजी क्षेत्रबाट विद्युत् उत्पादन गर्न कस्सिएका छन् । नेपाल विद्युत् प्राधिकरणले रोल मोडलको रूपमा विद्युत् उत्पादन गर्ने निजी क्षेत्रका कम्पनीहरूलाई उत्साहित गरेको छ, सघाइरहेको छ ।

यसरी नै अरू सार्वजनिक संस्थानहरूले रोल मोडलको रूपमा भूमिका निर्वाह गर्नु जरूरी छ । निजी क्षेत्रका व्यावसायिक कम्पनी र सरकारले चलाएका संस्थान हरू एकअर्कामा अस्वस्थ प्रतिस्पर्धा गरेर मुलुकको समृद्धि हुनै सक्दैन ।

मान्छे अक्सर हात्ती देखेपछि तर्सिन्छन् । देख्दै तर्सिने धेरै मान्छेहरू हात्ती नै पाल्ने कल्पना पनि गर्न सक्दैनन् । न त्यसलाई खुवाउन, पिलाउन सकिन्छ, न अधीनमा राख्न सकिन्छ नै । तर गाईलाई मान्छे खोजी-खोजी पाल्छन्, पूजा पनि गर्छन् । किनकि गाईले दूध दिन्छ । गाईको गहुँत, गोबर दुवै काम लाग्छन् । यस्तोमा नेपालमा सार्वजनिक संस्थानहरू सेतो हात्ती पाले सरह हो भन्ने टिप्पणी गर्नेहरू पनि छन् ।

हुन पनि पछिल्लो समय उपलब्धिशून्य भएका र उच्च घाटामा रहेका नेपाल वायुसेवा निगम, नेपाल खानेपानी संस्थान, दुग्ध विकास संस्थान, उदयपुर सिमेन्ट उद्योग लगायत केही संस्थानहरू सेता हात्ती सरह नै भएका हुन् । यी संस्थानहरू वर्षौंदेखि निरन्तर घाटामा छन् । तर ती संस्थानहरूले कुशल नेतृत्व पाउने र सरकारले पनि उसलाई सघाउने हो भने तिनको पुनर्जागरण असम्भव चाहिं छैन ।

यद्यपि अहिले सञ्चालित ४२ वटामध्ये २६ वटा संस्थान नाफामा गइरहेका छन् । तिनीहरूले राज्यलाई दूध दिइरहेका छन् । यसरी हेर्दा सार्वजनिक बहसमा आइरहने सेता हात्तीका पर्याय संस्थानहरूलाई सेता हात्ती नै बनाउने कि दुहुनो गाई ? भन्ने विषय सरकारकै हातमा छ ।

सक्षम नेतृत्व र सदाचारिताबाट नोक्सानीमा रहेका संस्थानहरू पनि उठ्न सक्छन् भन्ने तथ्य विद्युत् प्राधिकरणले आफूलाई नोक्सानीमा रहेको संस्थानको छविबाट निरन्तर नाफामा लगेकोबाट पुष्टि हुन्छ । त्यसकारण सार्वजनिक संस्थानहरू सेतो हात्ती हुँदैनन् । सरकारको दरिलो पहलकदमी र पुनर्ताजकीकरण भयो भने त्यो दुहुनो गाई नै हुन्छ । त्यसैले सार्वजनिक संस्थानहरूको पुनर्ताजकीकरण जरुरत छ । संस्थानहरू निजी क्षेत्रलाई लखेट्न होइन, उन्नत सेवा-सुविधा र प्रतिस्पर्धाको आधारशिला तयार गर्न पनि जरुरत छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेख अनुसार आर्थिक वर्ष २०७८/७९ सम्ममा नोक्सानमा रहेका संस्थानहरूको नेपाल सरकारलाई तिर्न बाँकी ऋण २ खर्ब ९० अर्ब हाराहारी थियो । तर यसबीच आर्थिक वर्ष २०७८/७९ सम्म २० अर्ब नोक्सानमा रहेको विद्युत् प्राधिकरणलाई कुशल नेतृत्व कुलमान घिसिङले सो रकम सरकारलाई तिरिकन ४७ अर्ब नाफामा नै लगेका छन् । यसले के देखाउँछ भने कुनै पनि सरकारी संस्थान घाटामा जानुपर्ने कारण छैन ।

बरु सरकारले नै सार्वजनिक संस्थानहरूलाई सुधार गर्ने सच्चा पहलकदमी लिने, संस्थानहरूलाई आफ्ना मान्छे भर्तीकेन्द्र नबनाउने, भ्रष्टाचारीलाई अविलम्ब कारबाही गर्ने र कुशल काम गर्नेहरूलाई प्रोत्साहन गर्ने हो भने घाटामा रहेका १५ संस्थानहरू पनि नाफामा लैजान सकिन्छ । सरकारले विश्वभर फैलिएको निजीकरणको हावामा दौडिएर जसरी २०४८ सालपछि सार्वजनिक संस्थानहरूको निजीकरण गऱ्यो, त्यो गलत कदम थियो ।

उदारीकरण तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने गरी सरकारले नीति ल्याउनु बेठिक नभए पनि रहे-भएका सार्वजनिक संस्थानहरू निजीकरण गर्नु गलत थियो । निजी क्षेत्रलाई उत्तरदायी, गुणस्तरीय बनाउन, मार्गनिर्देशन गर्न पनि संस्थानहरूले रोल मोडल सरह काम गर्न सक्थे । तर निजीकरणकै नीति स्वरूप तिनको अस्तित्व सखाप भयो ।

अहिले जति छन् तिनले क्रमशः पुनर्जीवन पाउँदै गएका देखिन्छन् । त्यसकारण सम्भावना भएका, देश र जनतालाई आत्मनिर्भर बनाउने खालका बन्द संस्थानहरू सरकारले नै चलाउन जरूरी छ । जस्तो कि हेटौंडा कपडा उद्योग, वीरगञ्ज चिनी कारखाना, हिमाल सिमेन्ट लगायत केही खारेजी भएका संस्थानहरूलाई ब्युँताएर कपडा, चिनी र सिमेन्टमा आत्मनिर्भरताको लागि काम गर्न सकिन्छ ।

खासगरी नेपालको निजी क्षेत्र व्यापारको नाममा मुद्राको विनिमय र व्यवस्थापन गर्ने बैंक, बीमा, लघुवित्तमा रमाइरहँदा उत्पादनमूलक उद्योगहरूमा काम गर्न सरकारले त्यस्ता संस्थान हरूलाई ब्युँताएर त्यसका संरचना, सम्पत्तिको उपयोग गर्दै चलाउने हो भने त्यसले निजी क्षेत्रलाई पनि त्यतातिर डोऱ्याउँछ ।

सरकारले विभिन्न क्षेत्रमा केही थान सार्वजनिक संस्थानहरू सञ्चालन गर्दैमा वा केही विस्तार गर्दैमा निजीकरण वा उदारीकरणको नीतिमा चोट पुग्दैन । यसै पनि हाम्रो संविधानले नै समाज वादको बाटो पहिल्याउने लक्ष्य राखेको छ । सरकारले सम्भावना भएका निष्क्रिय संस्थानहरू ब्युँताउनुपर्छ र जनताका आधारभूत सेवा-सुविधा दिने कुरामा पछि हट्न हुँदैन ।

(लेखक आर्थिक विषयमा कलम चलाउँछन् ।)




# भाद्र १४ गते रिलिज हुँदैछ फिल्म बर एण्ड बधु



विराटनगर । सामाजिक कथामा आधारित भएर बनाएको फिल्म 'वर एण्ड बधु'को भदौ १४ गते देशभरीको सिनेमा घरहरूमा प्रदर्शन हुने भएको छ ।

'वर एण्ड बधु' फिल्मका कार्यकारी निर्माता अमित रिजाल, फिल्मका कलाकार सहितको टोलीले विराटनगर को सिटी सिनेमा हफमा पत्रकार सम्मेलन गरि सो कुरा फिल्म निर्माता जानुका थापाले बताईन ।

फिल्म निर्माता पक्षले वितरकहरूसँग सल्लाह गरेर प्रदर्शन मिति तय गरेको निर्देशक मिलन चाम्सले जानकारी दिए ।

फिल्मकि नायिका आँचल शर्मा र भर्खरको नव-नायक विवेक कर्माचार्यको मुख्य भूमिका रहेको फिल्ममा आँचल रोमान्सदेखि एक्सन रहेको कलाकार किरण केसीले बताए ।

फिल्ममा गरिमा शर्मा, विजु पार्की, हिमेश पन्त, सृष्टि खड्का, विजय लामा, कुसुम शर्मा, सरिता लामिछाने, रवीन्द्र खड्का, अंशु महर्जन, दिनेश काफ्ले, सीता न्यौपाने, सुरवीर पण्डित, हिउँवाला गौतम, यमन श्रेष्ठ लगायतका कलाकारको पनि मुख्य भूमिका रहेको छ ।

एलआरके प्रोडक्शनको ब्यानरमा बनेको यो फिल्ममा सुदिप बरालको छायाङ्कन, हिमाल केसीको एक्सन छ ।

फिल्म 'वर एण्ड बधु'ले सामाजिक कथा अरू फिल्म भन्दा फरक शैलीमा पस्कने कोसिस गरिएको निर्माण पक्षले दावी गरेका छन ।

तीजको अवसर पारेर यो फिल्म रिलिज गर्न लागिएको छ । फिल्मको छायाङ्कन नेपाल र रोमानियामा गरिएको विभिन्न स्थानमा गरिएको हो । फिल्म 'वर एण्ड बधु' लाई नेपाली दर्शकहरूले माया गरेर एकपटक हेरेर प्रतिक्रिया दिन निर्माताले आह्वान गरेका छन् ।

उक्त पत्रकार सम्मेलन सिटी सिनेमा, विराटनगरको सहयोगमा चलचित्र पत्रकार संघ नेपाल, मोरंगका अध्यक्ष प्रेम देवानको अध्यक्षतामा भएको थियो ।

# दुई जना टेम्पु चोर पक्राउ





विराटनगर । टेम्पो चारी गरेको आरोपमा दुई जनालाई प्रहरीले पक्राउ गरको छ ।

घटनाको विवरण अनुसार जिल्ला संखुवासभा खाँदबारी नगरपालिका वडा नम्बर-८ बिष्णेधारा टोल बस्ने हिराधन राईले आफ्नै घर अगाडी पार्किङ गरी राखेको को २ ह १५५० नम्बरको टेम्पो भाद्र ५ गते र ातीको समयमा हराएको भनि यस कार्यालयमा जानकारी गर ाउन साथ यस कार्यालयबाट तत्काल खटिएको प्रहरी टोलिले खोजतालस गर्ने भाद्र ६ गते खाँदबारी नगरपालिका वडा नम्बर-९ भेडेटार स्थित सडक भन्दा तल दुर्घटनाग्रस्त अवस्थामा फेला पारेको थियो ।

उक्त टेम्पो चोरी गर्ने मानिस खोजतलास गर्ने क्रममा चोरीमा संलग्न खाँदबारी नगरपालिका वडा नम्बर-९सार्कीडाँडा बस्ने बर्ष १८ को हरी मंग्रातीलाई बिमानस्थल सुरक्षा गार्ड तुम्लिङटार संखुवासभाबाट खटिएको प्रहरी टोलिद्वारा भाद्र ६ गते खाँदबारी नगरपालिका वडा नम्बर-९ बाट पक्राउ गरेको थियो ।

अनुसन्धानको क्रममा उक्त टेम्पो चोरीमा सोही स्थान बस्ने बर्ष १९ को किरण रम्तेल समेतको संलग्नता भएको खुल्ले पश्चात निज किरण र म्तेललाई समेत भाद्र ७ गते पक्राउ गरिएको थियो ।

निजहरु उपर सम्मानित संखुवासभा जिल्ला अदालत चैनपुरबाट म्याद थइ भई मुलुकी अपराध संहिता, २०७४ बमोजिम थप अनुसन्धान भई रहेको छ ।